


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ १७ गते शनिबार ❑ 31 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## 'निर्वाचन आचारसंहिताको पालना एवम् कार्यान्वयन साझा दायित्व'

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

निर्वाचन आचारसंहिताको पालाना एवम् प्रभावकारी कार्यान्वयन सबैको साझा दायित्व भएकोमा जोड दिइएको छ ।

जिल्ला प्रशासन कार्यालय कास्कीद्वारा प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ का लागि निर्वाचन शान्ति सुरक्षा, आचारसंहिता कार्यान्वयन तथा आपूर्ति व्यवस्थापन विषयमा सम्बद्ध निकायबीच आज आयोजित संयुक्त बैठक एवम् अन्तर्क्रियामा वक्ताहरूले निर्वाचन सफल बनाउन आचारसंहिताको पालना एवम् प्रभावकारी कार्यान्वयन आवश्यक रहेकामा जोड दिए ।

कास्कीका मुख्य निर्वाचन अधिकृत हिमलाल बेलबासेले निर्वाचन लोकतन्त्रको मुख्य मेरुदण्ड भएका कारण आचारसंहिताको प्रभावकारी कार्यान्वयनबाट मात्रै निर्वाचनलाई निष्पक्ष एवम् भयरहित वातावरणमा सम्पन्न बनाउन सकिने बताउनुभयो । उहाँले "आचारसंहिताको प्रभावकारी कार्यान्वयन सबैको साझा दायित्व भएकाले यो दायित्वलाई सबैले आत्मसात गर्नुपर्नेमा जोड दिनुभयो ।" कास्की जिल्लामा निर्वाचन आचारसंहिताको उल्लङ्घन भएको विषयमा हालसम्म कुनै उजुरी नपरेको बताउँदै मुख्य निर्वाचन अधिकृत बेलबासेले सबैको सामूहिक प्रयासबाट निर्वाचनलाई निष्पक्ष एवम् भयरहित बनाउन सकिने बताउनुभयो । निर्वाचनको स्वच्छताले नै सुशासन ल्याउन सक्ने भन्दै यसमा गम्भीर बन्न उहाँले आग्रह गर्नुभयो । प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले शान्ति सुरक्षा र निर्वाचन आचारसंहिताको अनुगमन एकैसाथ अघि बढ्ने बताउनुभयो। उहाँले संवेशदनशील क्षेत्रमा अझै विशेष ध्यान दिइने र आचारसंहिताको कार्यान्वयनका विषयलाई प्रभावकारी रूपमा अनुगमनसमेत गरिने प्रतिबद्धता जनाउनुभयो । जिल्ला समन्वय समिति कास्कीका प्रमुख लीलाधर पौडेलले निर्वाचनलाई निष्पक्ष बनाउन सम्बद्ध सबैको सामूहिक प्रयास हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले निर्वाचन सम्पन्न गराउन आवश्यकपर्ने सबै किसिमका सहयोग गर्न आफूहरू प्रतिबद्ध रहेको बताउनुभयो ।

सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालले निर्वाचन आचारसंहितामा उल्लेखित विषयबारे जानकारी गराउनुभयो । कोष तथा लेखा नियन्त्रक कार्यालय कास्कीका प्रमुख कोष नियन्त्रक रमेश अर्यालले उम्मेदवारले बैंकिङ प्रयोजनका लागि अनिवार्य खाता खोल्नुपर्ने व्यवस्था गरिएकाले त्यसको पालना गर्न आग्रह गर्नुभयो । जिल्लामा उम्मेदवारहरूले निर्वाचन प्रयोजनका लागि खर्च गर्न पाउने रकमको सीमा तोकेको बताउँदै उहाँले कास्कीको क्षेत्र नं १, २ र ३ मा क्रमशः रु २९ लाख, रु २७ लाख र रु ३१ लाख निर्धारण गरिएको जानकारी गराउनुभयो ।

राष्ट्रिय मानवअधिकार आयोग गण्डकी प्रदेश कार्यालयका प्रमुख नीतु गड्तौलाले निर्वाचनको प्रचारका क्रममा कुनै पनि जातीय विभेद् हुने खालका अभिव्यक्ति आउन नहुने बताउँदै निर्वाचनमा खटिने महिला कर्मचारीलाई सुरक्षित अनुभूति हुने किसिमले व्यवस्थापन गराउन सुझाव व्यक्त गर्नुभयो । कार्यक्रममा पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोकर्ण कार्की, लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष जानुका पराजुली, सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बराल, नेकपा (एमाले) कास्कीका उपाध्यक्ष भेषराज बराल, नेकपा (माओवादी)का उमेश सिके, नेपाली कम्युनिष्ट पार्टीका खड्ग हमाल, नारी जागरण अभियानका संयोजक अञ्जु केसी, नेपाल कर्मचारी युनियन कास्कीका अध्यक्ष केदार सापकोटा, नेपाल शिक्षक महासङ्घका सहअध्यक्ष डिल्लीराम बराललगायतले अचारसंहिता पालना र यसको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको थियो ।

## सहिदका आकांक्षा पूरा गर्नु नै सच्चा श्रद्धाञ्जली: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले सहिदका आकांक्षा पूरा गर्नु नै सच्चा श्रद्धाञ्जली हुने बताउनुभएको छ ।

सहिद दिवस २०८२ को अवसरमा शुभकामना सन्देश जारी गर्दै प्रदेश प्रमुख भट्टले राष्ट्र, राष्ट्रियता, समानता, स्वतन्त्रता, नागरिक हक अधिकारको रक्षा, लोकतन्त्रको स्थापना लगायतका न्यायपूर्ण आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभएको छ। उहाँले विभिन्न आन्दोलनका क्रममा घाइते योद्धाहरूको स्वास्थ्यलाभ र दीर्घ जीवनको कामना पनि व्यक्त गर्नुभएको छ। शुभकामना सन्देशमा उल्लेख छः 'माघ १६, सहिद दिवस नेपाल र नेपालीहरूको आत्मसम्मान र स्वतन्त्रताको लागि आफ्नो जीवन बलिदान गर्ने सहिदहरूप्रति विशेष सम्मान र स्मरण गर्ने दिन हो । आजको दिन देश र जनताको मुक्ति एवं परिवर्तनका निम्ति सहिदहरूले देख्नुभएको सपना र लिनुभएको अठोटलाई पूरा गर्न सङ्कल्प गर्ने दिन पनि हो ।' महान् सहिदहरू शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द, गंगालाल श्रेष्ठ लगायतको बलिदानद्वारा प्राप्त भएको प्रजातन्त्रदेखि इतिहासको विभिन्न कालखण्डमा महान योद्धाहरूको योगदानले प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्नेतर्फ अग्रसर हुनु नै सहिदप्रतिको सच्चा श्रद्धाञ्जली हुने विश्वास उहाँको छ । यस दिवसले सम्पूर्ण राजनीतिक दल, आम जनसमुदाय र सम्बद्ध सबैलाई नेपाल राष्ट्र र नेपाली जनताको हित र अधिकारका लागि सहादत प्राप्त गरेका सहिदहरूको आकांक्षा साकार पार्न मन, वचन र कर्मले समर्पित हुने आँट र हौसला प्रदान गर्न सकोस् भन्ने शुभकामना पनि उहाँले व्यक्त गर्नुभएको छ ।

## गण्डकीमा १४ हजार निर्वाचन प्रहरी परिचालन हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा गण्डकी प्रदेशका ११ जिल्लामा १४ हजार १२ जना निर्वाचन प्रहरी परिचालन हुने भएका छन् ।

गण्डकी प्रदेश प्रहरी कार्यालयका अनुसार गोरखामा दुई हजार २०४, मनाङमा २३३, लमजुङमा एक हजार २१०, कास्कीमा दुई हजार आठ, तनहुँमा एक हजार ५७३, स्याङ्जामा एक हजार ९४७, नवलपुरमा एक हजार ५४३, मुस्ताङमा २६६, म्याग्दीमा ७६५, बागलुङमा एक हजार २९८ र पर्वतमा ९६५ जना निर्वाचन प्रहरी परिचालन हुनेछन् ।

नेपाल प्रहरीतर्फ गोरखामा एक हजार तीन, मनाङमा १६३, लमजुङमा ६०६, कास्कीमा ९५७, तनहुँमा ८३८, स्याङ्जामा ९४०, नवलपुरमा ८१८, मुस्ताङमा २०२, म्याग्दीमा ४११, बागलुङमा ६५८ र पर्वतमा ४३९ जना खटिने छन् ।

एघार वटै जिलालामा निर्वाचन प्रहरीको छनोट भई नियुक्ति र तालिमको प्रक्रिया सुरू भएको छ ।

निर्वाचन प्रहरीमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलबाट सेवानिवृत्त पूर्वसुरक्षाकर्मी, पूर्ववनरक्षक, यसअघि सम्पन्न भएका विभिन्न निर्वाचनमा म्यादी प्रहरीका रूपमा सन्तोषजनक काम गरेका व्यक्ति र विदेशी मित्र राष्ट्रका सुरक्षानिकायमा काम गरी सेवानिवृत्त नेपाली नागरिकलाई प्राथमिकताका साथ समावेश गरिएको जनाइएको छ। निर्वाचन प्रहरीको कार्य अवधि ४० दिन तोकिएको छ ।

## प्रधानमन्त्री कार्कीबाट सहिदप्रति श्रद्धाञ्जली अर्पण

**पोखरापत्र संवाददाता**
काठमाडौं, १६ माघ

प्रधानमन्त्री सुशीला कार्कीले लैनचौरस्थित सहिद स्मारक पुगी ज्ञात-अज्ञात सहिदहरूको सम्झनामा श्रद्धाञ्जली अर्पण गर्नुभएको छ ।

सहिद सप्ताहको अन्तिम दिन शुक्रबार प्रधानमन्त्रीले इतिहासको विभिन्न कालखण्डमा प्रजातन्त्र, राष्ट्र र स्वतन्त्रतासहित जनताका पक्षमा भएका आन्दोलनमा मृत्युवरण गरेका वीर सपुतको सम्मानमा श्रद्धाञ्जली अर्पण गर्नुभएको हो । हरेक वर्ष काठमाडौँ महानगरपालिकाले माघ १० गतेदेखि सप्ताहव्यापी कार्यक्रम गर्दै आएको छ। साताव्यापी कार्यक्रमको अन्तिम दिन आज सहिद उद्यान लैनचौरमा विशेष श्रद्धाञ्जली सभा आयोजना गरिएको हो । सहिद दिवसको अन्तिम दिन शुक्रबार बिहान शान्तिवाटिकाबाट प्रभातफेरी सुरु भएको थियो । शान्तिवाटिकामा भेला भएर नेपाल प्रहरी र सशस्त्र प्रहरीको ब्यान्ड, मार्चपास र सहिदको तस्बिर राखिएको बग्गीसहितको प्रभातफेरी सहिद उद्यान लैनचौरमा पुगेर श्रद्धाञ्जली सभामा परिणत भएको थियो । सभामा प्रधानमन्त्री कार्की, गृहमन्त्री ओमप्रकाश अर्याल, मन्त्रीहरू, सरकारका उच्चपदस्थ अधिकारी, जनप्रतिनिधि र सुरक्षा अङ्गका प्रमुखहरूको सहभागिता रहेको थियो। काठमाडौँमहानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले, नागरिक स्वतन्त्रता, मानव अधिकार, सुशासन तथा स्वाभिमानका लागि विगतमा गरिएका प्रयत्न र त्याग बिर्सनु नहुने धारणा राख्नुभयो । सरकारले सहिद दिवसका अवसरमा शनिबार सार्वजनिक बिदा दिएको छ ।

## तीन जनाको हत्या अभियोगमा पक्राउ परेका सार्वजनिक

**पोखरापत्र संवाददाता**
दमौली, १६ माघ

जिल्लाको शुक्लागण्डकी नगरपालिका-५ मा तीन जनाको हत्या गरेको अभियोगमा पक्राउ परेका एक जनालाई प्रहरीले सार्वजनिक गरेको छ ।

निजविरुद्ध सात दिनको म्याद थप गरिएको छ । हत्या अभियोगमा पक्राउ परेका कास्की घर भई शुक्लागण्डकी-५ बस्ने ४६ वर्षीय कुमार नेपालीविरुद्ध जिल्ला अदालत तनहुँबाट बिहीबार सात दिनको म्याद थप गरिएको हो ।

निजविरुद्ध कर्तव्य ज्यानसम्बन्धी मुद्दामा म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो । प्रहरीले निजका साथबाट चक्कु, चप्पल, सल, प्रयोग गरिएका कपडा बरामद गरेको छ । गत पुस २६ गते बिहान सेती नदीस्थित कसेरीघाटमा तीन जनाको हत्या गरेको अवस्थामा शव भेटिएको थियो ।

शुक्लागण्डकी फोहर प्रशोधन केन्द्र नजिक शुक्लागण्डकी-११ का ३९ वर्षीय नारायण विक, भिमाद नगरपालिका-८ का ५८ वर्षीया देउमाया थापा र नामथर वतन नखुलेका अन्दाजी ५५ वर्षीय पुरुषको शव फेला परेको थियो । घटनापश्चात् तालिमप्राप्त कुकुर, गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा, नेपाल प्रहरी प्रदेश कार्यालय पोखराका विज्ञसहितको टोलीबाट गहन अनुसन्धान गरिएको थियो । नाम, थर र वतन नखुलेको पुरुषको शवको सनाखतका लागि हुलिया परिपत्र गरी शवगृहमा सुरक्षित राखिएको प्रहरी नायब उपरीक्षक विकले जानकारी दिनुभयो ।

## पुलिसलाई हराउँदै न्यू डायमण्डले जित्यो टाइगर कपको महिलातर्फको उपाधि


**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

न्यू डायमण्ड स्पोर्ट्स क्लबले छैटौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित क्लव च्याम्पियनसिपको महिलातर्फको उपाधि जितेको छ ।

पोखरा रंगशालास्थित भलिबल कोर्टमा जारी च्याम्पियनसिपअन्तर्गत महिलातर्फको फाइनल खेलमा नेपाल पुलिस क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै न्यू डायमण्डले उपाधि जितेको हो । न्यू डायमण्डले पहिलो सेट २५-११, दोस्रो सेट २५-२२ र तेस्रो सेट २५-१६ ले आफ्नो पक्षमा पाऱ्यो । उपाधिसँगै न्यू डायमण्डले ६ लाख ६६ हजार ६६६ रुपैयाँ हात पाऱ्यो । फाइनलमा चुकेको पुलिसले ३ लाख ६६ हजार ६६६ रुपैयाँमा चित्त बुझायो । तेस्रो बनेको थाइल्याण्ड क्विन्सले २ लाख ६ हजार ६६६ रुपैयाँ पायो ।

न्यू डायमण्डकी सुमित्रा रेग्मी प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी बनिन् । उनले २६ हजार ६६६ रुपैयाँ पाइन् । सर्भर प्रतिभा माली, लिविरो शान्तिकला तामाङ, सेटर प्रगती नाथ, ब्लकर सुनिता खत्री, स्पाइकर पथैया र प्रशिक्षक कुमार राई विधागततर्फ उत्कृष्ट बने । उनीहरुले जनही ११ हजार ६६६ हात पारे ।

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा जारी च्याम्पियनसिपमा पुरुषतर्फ ६ र महिलातर्फ ५ टोली सहभागी भएका थिए ।



# टाइगर कपको उपाधिका लागि गण्डकी प्रदेश भलिवल संघ र नेपाल पुलिस बीच खेल हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

छैटौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित क्लब च्याम्पियनसिप पुरुषतर्फको उपाधिका लागि गण्डकी प्रदेश भलिवल संघ र नेपाल पुलिस क्लबबीच शनिबार फाइनल खेल हुने भएको छ।

यसअघि फाइनल खेल गण्डकी र पर्वत जिल्ला भलिवल संघबीच हुने भनी सार्वजनिक गरिएको जानकारी प्राविधिक त्रुटिका कारण गलत भएको आयोजकले स्वीकार गर्दै आधिकारिक रूपमा सच्चाएको हो । पोखरा रंगशालास्थित भलिवल कोर्टमा जारी प्रतियोगिताअन्तर्गत शुक्रबार सम्पन्न समूह चरणको अन्तिम खेलमा गण्डकी प्रदेश भलिवल संघ र पर्वत जिल्ला भलिवल संघबीच प्रतिस्पर्धा भएको थियो। पाँच सेटसम्म चलेको उक्त खेलमा गण्डकीले ३-२ सेटको जित निकाल्दै दुई अंक प्राप्त गरेको थियो भने पर्वतले एक अंकमा चित्त बुझाएको थियो।

समूह चरणको अंक तालिकाअनुसार गण्डकी प्रदेश भलिवल संघ ५ खेलबाट ११ अंकसहित शीर्ष स्थानमा रहँदै फाइनलमा प्रवेश गरेको छ। १० अंकसहित नेपाल पुलिस क्लब सेटका आधारमा दोस्रो स्थानमा रहँदै फाइनलमा पुगेको आयोजकले जनाएको छ। समान १० अंक रहेको पर्वत जिल्ला भलिवल संघ सेट अन्तरका कारण तेस्रो स्थानमा सीमित भएको हो। यसअघि फाइनल खेल घोषणा गर्ने क्रममा प्राविधिक त्रुटिका कारण गलत सूचना प्रवाह भएको भन्दै टाइगर ग्रुप अफ पोखरा नेपालले विज्ञप्तिमार्फत क्षमायाचना गरेको छ।

आयोजकले पुरुषतर्फको फाइनल खेल शनिबार गण्डकी प्रदेश भलिवल संघ र नेपाल पुलिस क्लबबीच हुने आधिकारिक जानकारी गराएको उल्लेख गराएको हो। आयोजकका अनुसार फाइनल खेल शनिबार दिउँसो २:०० बजेपछि सुरु हुनेछ । त्यसभन्दा अघि तेस्रो स्थानका लागि नेपाल आर्मी क्लब र पर्वत जिल्ला भलिवल संघबीच बिहान ११ बजे खेल हुनेछ।

च्याम्पियनसिपको विजेता टोलीले नगद ६ लाख ६६ हजार ६ सय ६६ रुपैयाँ, उपविजेताले ३ लाख ६६ हजार ६ सय ६६ रुपैयाँ र तेस्रो हुने टोलीले २ लाख ६ हजार ६ सय ६६ रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ। यसैबीच, महिलातर्फ शुक्रबार सम्पन्न फाइनल खेलमा न्यू डायमण्ड स्पोर्ट्स क्लबले नेपाल पुलिस क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै उपाधि जितिसकेको छ । आयोजकले फाइनल खेलमा पनि भलिवल प्रेमी दर्शकको उल्लेख्य उपस्थितिको अपेक्षा गर्दै आगामी दिनमा यस्ता त्रुटि नदोहोरिने प्रतिबद्धता जनाएको छ।

# अस्थायी मतदाता विवरण पनि सङ्कलन हुँदै

**पोखरापत्र संवाददाता**
दमौली, १६ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि यहाँ अस्थायी मतदाता विवरण सङ्कलन सुरु भएको छ।

समानुपातिक निर्वाचन प्रणालीमा सहभागी हुन पाउने जिल्लास्थित सरकारी कर्मचारी, सुरक्षाकर्मी, कैदीबन्दीलागयतको विवरण सङ्कन सुरु गरिएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख विकास लम्सालले रासससलाई बताउनुभयो । मुख्य निर्वाचन अधिकृतको कार्यालयले आचारसंहिता पालना र सुरक्षा व्यवस्था चुस्त बनाउन सरोकार भएकाहरूसँग छलफल पनि गरिसकेको छ । हालसम्म आचारसंहिता उल्लङ्घनका उजुरी नपरेका मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद उपाध्यायले बताउनुभयो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा सहभागी दुई लाख ५४ हजार ३९७ मतदाता कायम छन् । यो जिल्लामा दुई निर्वाचन क्षेत्र छन्।

# बिटी कप माघ २२ देखि, उपाधि राशी २ लाख २ सय २२ रुपैयाँ

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

पोखरा महानगरपालिका-१ टुंडिखेलस्थित खेलमैदानमा यही माघ २२ गतेदेखि नवौं विरेन स्मृति एवम् १९ औं बिटी कप सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगिता हुने भएको छ।



बुद्धटोल युवा क्लबले आज (शुक्रबार) पोखरामा पत्रकार सम्मेलनको आयोजना गर्दै उक्त प्रतियोगिताबारे जानकारी दिएको हो । क्लबका अध्यक्ष सन्तोष गुरुङले माघ २२ गतेदेखि सञ्चालन हुने प्रतियोगितामा ५० बढी टिमको सहभागिता हुने अपेक्षा गरिएको बताए । ' नवौं विरेन स्मृति एवम् १९ औं बिटी कप सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगिता यही माघ २२ गतेदेखि सञ्चालन गर्दै छौं, अध्यक्ष गुरुङले भने, 'अहिले हामी प्रतियोगिताको तयारीलाई तिब्र पारेका छौ।' उनले प्रतियोगिताको विजेतालाई २ लाख २ सय २२ रुपैयाँ र उपविजेतालाई १ लाख ११ हजार १ सय ११ रुपैयाँसहित ट्रफी मेडल र प्रमाणपत्र प्रदान गर्ने बताए । उनका अनुसार प्रतियोगितामा विधागतर्फ सर्वोकृष्ट खेलाडीलाई स्पोर्टस् साइकल प्रदान गरिनेछ । यस्तै उत्कृष्ट गोलरक्षक, डिफेण्डर र मिडफिल्डर र सर्वाधिक गोलकर्ताले जनही नगद ८/८ हजार पुरस्कार प्राप्त गर्नेछन् । यस्तै प्रतियोगितामा अनुशासित टिमलाई १० हजार रुपैयाँ प्रदान गरिने क्लबका सचिव रेशम सापकोटाले जानकारी दिए । उनले प्रतियोगितामा सहभागिता जनाउनका लागि प्रतिटिम १० हजार रुपैयाँ शुल्क निर्धारण गरिएको सापकोटाले बताए।

बिटी क्लब खेलकुद प्रतियोगितासँगै फुटबल एकेडेमी सञ्चालन गर्ने योजना रहेको आयोजकले जनाएको छ।

# पोखरामा शनिबार देखि यू-१९ महिला साफ च्याम्पियनसिप फुटबल हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

पोखरामा १९ बर्ष मुनिका खेलाडीहरु सहभागि (यू-१९) महिला साफ च्याम्पियनसिप फुटबल प्रतियोगिता शनिबारदेखि सुरु हुने भएको छ। शनिबार प्रतियोगिताको उद्घाटन खेल बंगलादेश र भुटान बीच दिउँसो १२ बजे पछि हुने आयोजक अखिल नेपाल फुटबल संघ (एन्फा) ले जनाएको छ।

शनिबार अर्को खेल आयोजक नेपालले भारतसँग दिउँसो ३ बजे पछि प्रतिस्पर्धा गर्ने भएको सार्वजनिक गरिएको खेल तालिकामा उल्लेख गरिएको छ । यही माघ २४ गतेसम्म पोखरा रंगशालाको फुटवल मैदानमा हुने प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको एन्फाका प्रवक्ता सुरेश शाहले बताउनु भयो। दक्षिण एसियाली फुटबल महासंघ (साफ) को समन्वय तथा एन्फाको आयोजनामा हुने यस प्रतियोगितामा नेपाल सहित भारत, बंगलादेश र भुटान गरी चार देशका यू-१९ महिला टोलीको सहभागिता हुने भएको छ । श्रीलंका, पाकिस्तान र माल्दिभ्स भने यस संस्करणमा सहभागी नहुने भएका हुन् ।

यसैबिच, प्रतियोगितामा सहभागि हुने ४ देशका खेलाडीहरु पोखरा आईसक्नु भएको छ। शुक्रबार पोखराको एक होटमा आयोजित सहभागि टिमका कप्तान र प्रमुख प्रशिक्षक बिच पत्रकार भेटघाट कार्यक्रम समेत आयोजना भएको थियो । नेपालका मुख्य प्रशिक्षक सुमन श्रेष्ठले आफुहरुको तयारी राम्रो भएको बताउदै यसपाली उत्कृष्ट फुटवल प्रर्दशन गर्ने जनाउनु भयो । काठमाण्डौंमा प्रशिक्षण गरे पनि पोखरा र काठमाडौं हावापानीका दृश्टिले लगभग उस्तै रहेकोले खासै केही फरक नपर्ने उहाँले जनाउनु भयो। नेपाली टिमका कप्तान सुशीला केसीले आफुहरुले आफ्नो घरेलु मैदानमा दर्शकोे थप हौसलाले आफुहरुले उत्कृष्ट फुटवल खेल्ने बताउनु भयो । भारत बिरुद्धको खेलमा उच्च मनोवलका साथ खेल्ने आफुहरु तयारी अबस्थामा रहेको उहाँको भनाई थियो।

नेपालीको शिर उचो पार्ने गरी आफुहरुले राम्रो फुटवल खेल्ने रणनीति बनाएको उहाँले जनाउनु भयो । प्रशिक्षणका लागि पोखरा महानगरपालिका-१९, लामाचौर स्थित गोस्तेघाट खेल मैदान प्रयोगमा ल्याइएको जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष मिलन गुरुङले बताउनु भयो । खेलाडी चेन्जिङ रुम, प्लेयर बक्स, ड्रेसिङ रुम लगायत आवश्यक भौतिक पूर्वाधार तयार पारिएको छ। कास्की जिल्ला फुटबल संघ, पोखरा महानगरपालिका खेलकुद विकास समिति र प्रदेश फुटबल संघ को सहकार्यमा मैदान मर्मत तथा पूर्वाधार निर्माण गरिएको अध्यक्ष गुरुङले बताउनु भयो। प्रतियोगिता सम्पन्न गर्न करिब २ करोड ४५ लाख १५ हजार २९० रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको एन्फाले जनाएको छ । साफका महासचिव पुरुषोत्तम कट्टेलका अनुसार माघ १७ देखि २४ गतेसम्म सञ्चालन हुने यस प्रतियोगितामा राउन्ड रोबिन लिग प्रणाली लागू हुनेछ। भुटानका मुख्य प्रशिक्षक टंकमाया घली, टिम कप्तान सोनम चोदेन, भारतका प्रशिक्षक पमिला कोन्टी, कप्तान जुलान नोङमैथम, बंगलादेशका प्रशिक्षक बेटर बटलर र कप्तान अर्पिता बिस्वासले आफुहरुले नेपालमा उत्कृष्ट फुटवल प्रर्दशन गर्ने गरी युवा खेलाडीहरु समावेस गरिएको जनाउनु भयो।

# होराइजन क्लब वालिङले जित्यो २६ औं आदर्श कप

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

होराइजन क्लब वालिङ्गले २६ औ संस्करणको आदर्श कप फुटबल प्रतियोगिता २०८२ को उपाधी जितेको छ । होराइजन क्लब र गण्डकी प्रदेश प्रहरी २६ औं आदर्श कपको फाइनलमा भिडेकामा होराइजन क्लबले उपाधी जितेको हो।




होराइजन क्लब स्याङ्गजा वालिङ्गको टीमका जर्सी नं ९ का खेलाडी बसन्त बहादुर रानाले खेलको ६१ औ मिनेटमा तथा गण्डकी प्रदेश प्रहरीका जर्सी नं ४४ का रोजल दाहालले खेलको अतिरिक्त समयको ९२ औ मिनेटमा गोल गरेका थिए । निर्धारित समयमा दुवै टिमकातर्फबाट एक एक गोलको बराबरीमा टुङ्गिएपछि थपिएको १० मिनेटमा कुनै टिमको गोल हन नसकेकाले खेल टाईबेकरमा गएको थियो । टाईबेकरमा होराइजन क्लब स्याङ्गजा वालिङ्गले जितेको हो। प्रथम हुन सफल होराइजनले रु ४ लाख ९९ हजार ९सय ९९ नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्‍यो । यसै गरीउपविजेता तथा दोस्रो हुन सफल गण्डकी प्रदेश प्रहरीको टोलीले रु. ३ लाख ३३ हजार ३सय ३३ नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्‍यो।

क्लबका अध्यक्ष पदम गुरुङको अध्यक्षता र सचिव सन्तोष गुरुङको सञ्चालनमा भएको समापन समारोहमा प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्माले भण्डारढिकको वेवारिसे बनेको कभर्डहल निर्माणका लागि बजेट विनियोजन भएर पनि हाल आएर रोकिएकामा आक्रोश व्यक्त गरेका थिए। समारोहमा उत्कृष्ट खेलाडी गण्डकी प्रदेश प्रहरीका जर्सी नं ४४ का रोजल दाहाल, उत्कृष्ट प्रशिक्षक होराइजन क्लबका सुन्दर श्रेष्ठ ,उत्कृष्ट गोल रक्षक होराइजनका टोप बहादुर राना, फेयर प्ले टिम तनहुँ जिल्ला फुटबल विकास समिति एन्फा तनहुँ, उत्कृष्ट डिफेन्स होराइजनका सन्दिप श्रेष्ठ, उत्कृष्ट मिड फिल्डर एवम् प्ले मेकर प्रहरीका सुशील लामा लाई फस्ट चोइस फुड प्रालिका प्रतिनिधि मार्केटिङ्ग म्यानेजर रमेश घिमिरे, क्लबका सल्लाहकार तथा प्रायोजक छत्रधर आत्रेय, पूर्व अध्यक्षहरु विजय गुरुङ, बिशाल श्रेष्ठ, संस्थापक अध्यक्ष चेतबहादुर गुरुङ, सल्लाहकार मेजर रामप्रसाद गुरुङ, स्थानीय यातायातका केदार पौडेल लगायतले पुरस्कार वितरण गरेका थिए।

# कास्की-३ मा कांग्रेसको प्रचार अभियान सुरु, रुपमा सम्पर्क कार्यालय स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

आसन्न प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गर्दै नेपाली कांग्रेस कास्की क्षेत्र नम्बर ३ ले संगठन, रणनीति र प्रचार-प्रसारलाई एकीकृत गर्दै प्रचार अभियान सुरु गरेको छ। शुक्रबार पोखरा महानगरपालिका-२ स्थित बिन्धवासिनीमा क्षेत्रीय निर्वाचन कार्यालय उद्घाटनसँगै कांग्रेसले घरदैलो अभियान, मतदाता शिक्षा र संगठन विस्तारलाई तीव्र बनाएको हो।



प्रतिनिधि सभातर्फका उम्मेदवार मनोज गुरुङ र समानुपातिकतर्फका उम्मेदवार आई बहादुर गुरुङलाई विजयी गराउने लक्ष्यसहित कांग्रेसले ८ हजार १ सदस्यीय निर्वाचन मूल आयोजक समिति गठन गरेको छ। समितिको संयोजकमा नेपाली कांग्रेस कास्कीका उपसभापति युवराज कुँवर रहेका छन्। समितिको सहसंयोजकमा खिमलाल बास्तोला र विष्णुबहादुर क्षेत्री, सचिवमा लक्ष्मीप्रसाद पौडेल र मेख तामाङ, कोषाध्यक्षमा मनपति भण्डारी तथा सह-कोषाध्यक्षमा खेमलाल पहारी तोकिएका छन्। सहसचिवमा आइन्दल गुरुङ र सितल अधिकारी तथा प्रवक्तामा महेश तिमिल्सिना रहेका छन् । चुनावी अभियानलाई प्रभावकारी बनाउन मूल समितिअन्तर्गत २४ वटा उपसमिति गठन गरिएको छ । घोषणापत्र निर्माण, मिडिया परिचालन, अनुगमन, शिक्षक-प्राध्यापक तथा बुद्धिजीवी परिचालन, यातायात व्यवस्थापन, तरुण-युवा तथा विद्यार्थी परिचालन, मतदान शिक्षा, महिला परिचालन, मतदाता समन्वय, अर्थ संकलन, सांस्कृतिक तथा स्वयंसेवक परिचालन, कानुनी परामर्श, निवृत्त कर्मचारी, पर्यटन व्यवसायी, आदिवासी जनजाति महासंघ, भूपू सैनिक, दलित-अल्पसंख्यक तथा संघ-संस्था समन्वयलगायत उपसमिति सक्रिय बनाइएका छन् । नयाँ पुस्तालाई लक्षित गर्दै जेनजी संयोजकसमेत तोकिएको छ। कार्यालय उद्घाटन समारोहमा नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले चुनावी सफलता पार्टीको एकता, अनुशासन र सक्रियतामा निर्भर रहने बताए। उनले कास्की-३ मा कांग्रेसले पुर्‍याएको योगदान स्मरण गर्दै प्रजातन्त्र, संविधान रक्षा र विकासका लागि कांग्रेस उम्मेदवारलाई विजयी गराउन सबै एकजुट हुनुपर्नेमा जोड दिए। '२०५६ सालको ऐतिहासिक जित दोहोर्याउन घरदैलो अभियानमार्फत मतदातासँग प्रत्यक्ष संवाद आवश्यक छ,' उनले भने। नेपाली कांग्रेसका केन्द्रीय सदस्य कृष्णबहादुर केसीले कांग्रेस बदलिएको सन्देश जनतामाझ पुर्‍याउनुपर्ने बताए। उम्मेदवार मनोज गुरुङ र आई बहादुर गुरुङले पार्टीको एकतामै शक्ति रहेको उल्लेख गर्दै सबै नेता-कार्यकर्तालाई सक्रिय रूपमा चुनावी प्रचारमा जुट्न आह्वान गरे। निर्वाचन परिचालन समितिका संयोजक युवराज कुँवरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बराल, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मी, महासमिति सदस्य सिता गुरुङलगायत वक्ताहरूले संगठन बलियो बनाएर मतदाताको मन जित्नुपर्नेमा जोड दिएका थिए । चुनाव परिचालन समितिले घरदैलो अभियान, मतदाता शिक्षा, लक्षित प्रचार-प्रसार र संगठन विस्तारलाई मुख्य रणनीति बनाउँदै कास्की-३ मा कांग्रेसको जित सुनिश्चित हुने दाबी गरेको छ। यसैगरी कास्की क्षेत्र नं. १ को रुपा-५ देउराली, रुपा ४ खाल्टे, रुपा ३ पोल्याङटार, रुपा १ को दरगाँउटारमा सम्पर्क कार्यलय स्थापना गरिएको नेपाली काँग्रेस क्षेत्र नं. ३ का सचिव ओमप्रकाश गुरुङले जानकारी दिए । नेपाली काँग्रेस कास्कीका प्रवक्ता तथा सुचना, सञ्चार तथा आइटी समितिका संयोजक नविन सिग्देलका अनुसार क्षेत्र नं. १ का विभिन्न ठाउँहरुमा सम्पर्क कार्यलाय स्थापना सँग भेटघाटलाई तिव्र पारिएको छ । घरदैलो तथा भेटघाट कार्यक्रममा नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बराल, पूर्व सभापति तथा पूर्व मन्त्री यज्ञबहादुर थापा सहितको टोली सक्रिय भएर लागेको छ।

कार्यक्रममा बौल्दै प्रतिनिधि सभा सदस्य उम्मेदवार तीलक बहादुर रानाभाटले यस क्षेत्रको वृहत्तर विकास र जनताका आवाजलाई संसदमा लैजान रुख चिन्हमा मतदान गर्न आग्रह गरे।

कार्यक्रममा नेपाली काँग्रेसका केन्द्रीय सदस्य कृष्ण केसी, निवर्तमान सहमहामन्त्री जीवन परियार, काँग्रेस गण्डकी प्रदेशकी सहमहामन्त्री कोपिला रानाभाट, नेता प्रकाश मोहन खनाल, गण्डकी प्रदेश सदस्य अप्सरा श्रेष्ठ, रुपा गाँउ पालिका सभापति विमलबावु न्यौपाने, विद्यार्थी नेता रशिकहरी भण्डारी, स्थानीय नेता रविमोहन घिमिरे, खमनसिंह गुरुङ, रामचन्द्र पौडेल, गेहेन्द्रश्वर कोइराला, मदन मल्ल, लक्ष्मी साही, भरत केसी, अमृत भुजेल, नारयाण कुमार श्रेष्ठ, विनोद छिमाल, बुद्धि बहादुर थापा लगायतले बोलेका थिए।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# भारतीय भूतपूर्व सैनिक दौडको उपाधि राजु शर्मालाई

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

पोखरा ११ रानीपौवामा रहेको मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टरको आयोजनामा शुक्रवार भएको भारतिय भूतपूर्व सैनिक मेडिप्लस-इसिएचएस पोलिक्लनिक ६ किमि दौडको उपाधि राजु शर्माले जितेका छन् ।




उनले निधारित दुरी २० मिनेट ५४.६५ सेकेन्डमा पुरा गरेका हुन् । उपाधि जितेका शर्माले नगद २५ हजारको साथमा मेडल र प्रमाणपत्र प्राप्त गरे । "स्वास्थ्य र सम्मानका लागि दौड" भन्ने उद्धेश्यले आयोजना गरिएको दौडमा २ सय जना भारतिय भूतपूर्व सैनिक सहभागि भएका हुन् । त्यस्तै दौडमा हिरा बहादुर गुरुङ दोस्रो भए उनले निधारित २२ मिनेट ३८.०८ सेकेन्डमा पुरा गर्दा नगद १५ हजारको साथमा मेडल र प्रमाणपत्र प्राप्त गरे । तेस्रो भएका भक्त बहादुर गुरुङले निधारित दुरी २२ मिनेट ४१.३७ सेकेन्डमा पार गरे, उनले नगद १० हजारको साथमा मेडल र प्रमाणपत्र हात पर्दा, किशोर थापा चौथो भए भने कमल गुरुङले पाचौँ स्थान प्राप्त गर्न सफल भएको हस्पिटलका प्रमुख सञ्चालन अधिकृत तथा कार्यक्रम संयोजक प्रकाश विकले जानकारी दिए । उक्त दौड अमरसिह चौर बाट शुरु भएर बुद्धचोक,पृथ्वीचोक, नयाँबजार, महेन्द्रपुल, रानिपौवा पेट्रोल पम्प, गण्डकी हस्पिटल हुदै अमरसिह चौरमानै पुगेर समापन भएको थियो । कार्यक्रममा हस्पिटलका अध्यक्ष डा.आनन्द भट्टराई, प्रमुख सञ्चालन अधिकृत प्रकाश विक, इसिएचएस पोलिक्लनिका मेजर अश्विन नारायणकर, भूतपूर्व भारतीय सैनिक संघ पोखराका अध्यक्ष कर्नेल कृष्ण बहादुर खत्री,हस्पिटलका मेडिकल डाइरेक्टर सरोज पोखेल, हस्पिटलका निर्वतमान अध्यक्ष रमेश थापा,हस्पिटलकै प्रबन्धक सुरेशराज सुवेदी, अमर सिंह बिद्यालयका अध्यक्ष कृष्ण कोइराला सञ्चालक समितिका सदश्यहरु डा.निरज रंजित रामजी प्रसाद वास्तोला, सि.ए विक्रम पराजुली, कार्य सम्पादन समिति सदस्यहरु धिरज थापा, भुवन बहादुर क्षेत्री, सविन जिसी, हस्पिटलका प्रशासकिय अधिकृत रन्जना आले, नेपाल भूतपूर्व खेलाडी मञ्चका अध्यक्ष दिल बहादुर गुरुङ लगाएतको सहभागिता रहेको थियो ।

स्वास्थ्य, सम्मान तथा सामाजिक सद्भाव अभिवृद्धि गर्नका लागि कार्यक्रम आयोजना गरिएको हस्पिटलले जनाएको छ । कार्यक्रमलाई व्यवस्थीत, अनुशासति तथा सुरक्षित बनाउनको लागि नेपाल भूतपूर्व खेलाडी मञ्च सँग प्राविधिक साझेदारी गरिएको थियो ।

# हिमपातपछि कोरलानाकाबाट निकासी तथा पैठारी प्रभावित

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १६ माघ

मङ्गलबारको भारी हिमपातपछि माथिल्लो मुस्ताङस्थित नेपाल–चीन उत्तरी कोरलानाकाबाट निकासी तथा पैठारी प्रभावित बनेको छ ।

भारी हिमपातका कारण बुधबारदेखि यस नाकाबाट हुने आयातनिर्यात पूर्ण रूपमा ठप्प भएको मुस्ताङ भन्सार कार्यालयले जनाएको छ । माथिल्लो मुस्ताङमा मङ्गलबार राति परेको हिमपात तेस्रोपटक हो । यसअघि यस वर्ष दुईपटक हिमपात भइसकेको छ ।

लोमान्थाङ-२ न्हेचुङछोसेर स्थित भन्सार कार्यालयमा कार्यरत नायबसुब्बा जीवन देवकोटाका अनुसार जोमसोम-कोरला सडकमा दुई फिट बढी बाक्लो हिउँ जमेकाले कोरलानाकाबाट हुने निकासी तथा पैठारी कारोबार ठप्प भएको छ । हिमपातका कारण सडक पूर्ण रूपमा अवरुद्ध हुँदा भन्सार कार्यालयको नियमित कामकाज पनि ठप्प भएको छ ।

चीनतर्फ मालवस्तु पैठारी गर्न गएका एक दर्जन कन्टेनर लोमान्थाङ-२ छोसेरस्थित मुस्ताङ भन्सार कार्यालयमा थन्किएका छन् । कतिपय कन्टेनरको भन्सार जाँचपास भएको र कतिपय कन्टेनरको भन्सार घोषणा हुने क्रममा रहेकाहरू कागबेनी-कोरला सडक पूर्ण रूपमा बन्द रहेकाले गन्तव्यतर्फ प्रस्थान गर्न नसकी रोकिएको नायबसुब्बा देवकोटाको भनाइ छ ।

हिमपातअघि कोरलानाकास्थित चिनियाँ भन्सारमा मालवस्तु पैठारी गर्न गएका केही कन्टेनर उतै रोकिएका छन् । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी सन्तोष बस्यालले भारी हिमपातका कारण कागबेनी-कोरला सडक पूर्ण रूपमा अवरुद्ध रहेको बताउनुभयो । कोरला सडकको करिब ९० किलोमिटर दूरीमा दुई फिट हिउँ जमेर बसेकाले अवरुद्ध सडक सञ्चालन गराउन केही दिन लाग्ने उहाँको अनुमान छ । कालीगण्डकी करिडोर बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख तेजस्वी शर्माले हिमपातबाट अवरुद्ध सडकलाई जतिसक्दो छिटो सञ्चालन ल्याउन आयोजना प्रतिबद्ध रहेको र आजदेखि वारागुङ मुक्तिक्षेत्र-३ छुसाङबाट सडकको हिउँ पन्छाउन आवश्यक उपकरण परिचालित गरिने जानकारी दिनुभयो ।

छोसेर स्थित सशस्त्र प्रहरी बल नेपाल (बिओपी)का इन्चार्ज प्रहरी निरीक्षक सुरज श्रेष्ठका अनुसार भारी हिमपातका कारण कोरलानाकामा पाल टाँगेर बसेका स्थानीय व्यापारी पनि घर फर्किएको छन् । हिमपातपछि चिसो अत्यधिक बढेकाले यहाँको जनजीवन कष्टकर बनेको छ । माथिल्लो मुस्ताङमा माइनस २० डिग्री र तल्लो मुस्ताङमा माइनस १२ डिग्रीम्म तापक्रम छ । चिसो अत्यधिक बढेका कारण पशुचौपाया र पशु गोठालालाई पनि समस्या परेको छ ।

# होटल एक्जुकेटिभ क्लबद्धारा पर्यटन व्यवसायी विश्वराज पौडेल सम्मानीत

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

होटल एक्जुकेटिभ क्लब पोखराले पोखराका होटल व्यवसायी विश्वराज पौडेललाई सम्मान गरेको छ ।



क्लबको १२ औं वार्षिक साधारण सभामा पौडेललाई सम्मान गरेको हो । लामो समय देखी पोखरामा रेष्टुरेष्ट र होटल व्यवसाय गरेर रोजगारी सृजना गर्न महत्वपुर्ण भुमीका खेलेको भन्दै पौडेललाई सम्मान गरेको हो ।पौडेललाई पर्यटन बोर्ड पोखराका प्रमुख मणिराज लामिछाने, होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुबेदी, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, होटल कार्यकारी क्लब पोखराका अध्यक्ष राजकुमार केसी, कार्यक्रमका संयोजक तुलसी लामिछाने लगाएतले सम्मानपत्र, दोसल्लाले सम्ममान गरे । लामो समय देखी पोखराको पर्यटन व्यवसायमा पौडेल संलग्न छन् । पहिलो रेष्टुरेष्ट व्यवसायबाट शुरु गरेका पौडेलले अहिले रेष्टुरेष्ट र होटल सञ्चालनमा छ । उनले चिल्ली बार एण्ड रेष्टुरेष्टबाट व्यवसायीक यात्रा थालेका थिए । उनका हाल ३६० स्काइ लाउन्च, हिमालयन ग्लोरी इन्, हिमालयन गेष्ट हाउस, टेम्पल बेल बुटिक होटल एण्ड स्पा लगाएतका व्यवसाय छन् । उनलाई भाई भिष्म पौडेलले साथ दिर्दै आएका छन् । हाल रेवान पोखराका अध्यक्ष रहेका विश्वराज पौडेल विभिन्न सामाजिक संस्था र निजी क्षेत्रका विभिन्न संस्थामा काम गरेको अनुभव छ । उनले हाल १ सय ३५ जनालाई रोजगारी दिएका छन् ।

यस अगाडी क्लबले होटल बाराहीका सञ्चालक हरि पौडेल, पोखरा रिर्सोटका सञ्चालक हरी गैरे, टेम्पल ट्रि का सञ्चाल बसन्त गौतमलाई सम्मान गरी सकेको छ । कार्यक्रममा नेपाल पर्यटन बोर्ड पोखराका प्रमुख मणिराज लामिछानेले पोखरा पर्यटनका लागि नेपालको नै सिकाइ स्थल रहेको बताए । उनले पर्यटन विकास र प्रवर्द्धन गर्न पोखराले ल्याउने कार्यक्रम अन्यत्र भन्दा नयाँ हुने गरेको बताए । उनले त्यस्तै मध्येको होटल एक्जुकेटिभ क्लब पनि भएको बताए । उनले पर्यटनको विकासका लागि पर्यटन बोर्ड लागि परेको बताए । उनले पोखरा विमानस्थललाई सञ्चालनका लागि पनि बोर्डले प्रयास गरेको बताउदै त्यसका लागि निजी क्षेत्र सँग सहकार्य गरेर अगाडी बढेको बताए । कार्यक्रममा होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुबेदीले पर्यटन व्यवसायमा लागनी बढ्दै गरेको बताए । उनले नेपाली परम्परालाई विदेशी पर्यटक सम्म पुऱ्याउनका लागि स्वागत सत्कारको परम्परालाई छाड्न नहुने बताए । कार्यक्रममा सम्मानीत भएका विश्वराज पौडेलले पोखरामा होटल, रेष्टुरेण्ट थपिए पनि त्यसलाई आवश्यक जनशक्तिको अभाव रहेको बताए । कार्यक्रममा बसन्त गौतम, क्लबका अध्यक्ष राजकुमार केसी, संयोजक तुलसी लामिछाने, संचालक माधब बराल लगातले सेवामा गुणस्तरीता दिने उद्देश्यका साथ क्लब अगाडी बढ्नु पर्ने बताए ।

# सुन्तला टिप्न थालेका बाँसखर्कका किसानले दोब्बर मूल्य पारे

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ माघ

अन्यत्रको निखिएपछि सुन्तला टिप्न थालेका पर्वतको जलजला गाउँपालिका-१ बाँसखर्कका किसानले दोब्बर मूल्य पारेका छन् । अन्यत्रका किसानले सरदर प्रतिकिलो रु ७० देखि ८० का दरले सुन्तला बिक्री गरेर सकिसकेपछि बाँसखर्कका किसानले माघ लागेपछि टिप्न थालेका छन् । हाल प्रतिकिलो रु एक सय ६० का दरले बिक्री भइरहेको बाँसखर्कको सुन्तलाको भाउ दैनिकजसो उकालो चढिरहेको अगुवा किसान जगतबहादुर खत्रीले बताउनुभयो ।

"देशका अन्य ठाउँको बगैँचा रित्तिएपछि व्यापारीले बाँसखर्कको सुन्तला किनेर लैजान थालेका छन्", उहाँले भन्नुभयो, "माघ महिनासम्म बगैँचामा राखिने भएकाले बाँसखर्कको सुन्तलाले राम्रो बजारभाउ पाएको हो । माघको अन्तिममा प्रतिकिलो रु दुई सयसम्ममा सुन्तला बिक्री हुन्छ ।" पोखरा, काठमाडौँ र चितवनका ठूला व्यापारी बाँसखर्कमा सुन्तला किन्न आएका छन् । समुद्री सतहदेखि एक हजार १०० देखि एक हजार ९०० मिटर उचाइमा रहेको बाँसखर्कका २३९ मध्ये २०० घरपरिवारले सुन्तलाखेती गरेका छन् । एउटा परिवारले वार्षिक कम्तीमा रु पाँच लाखको सुन्तला बेच्छन् । बाँसखर्कमा ५३ वर्षअघि बलबहादुर अर्मजा र बलबहादुर खत्रीले सुन्तलाका बिरुवा लगाउँदा तप्केनी भई खेतीबाली बिग्रन्छ भनेर छिमेकीले उखेलेर फालिदिएका थिए । बाँसखर्कमा व्यावसायिक सुन्तलाखेती भित्र्याउँदा काडा रोपेर खेतबारी बिगार्न खाजेको आरोप खेपेका उहाँहरु अहिले जीवित नरहे पनि समाजले सम्झिरहेको छ । अर्मजा र खत्रीको गाउँलाई समृद्ध, आत्मनिर्भर बनाउने पाँच दशकअघिको योजनाको लाभ उहाँका सन्ततिले मात्र नभएर सिङ्गो बासखर्कवासीले लिएका छन् । "हाम्रा बुबाले २०२८ सालमा रोपेको सुन्तलाको बिरुवा उखेलेर फालिदिएछन्, पछि २०३२ सालमा ल्याएर रोपेको बिरुवाले अहिले पनि फल दिइरहेको छ", बलबहादुर खत्रीका छोरा नरबहादुरले भन्नुभयो, "बुबा बितेर गएको २२ वर्ष भयो, मैले र भाइले बर्सेनि रु १० देखि १३ लाखका दरले सुन्तला बेच्छौँ । बुबाको पेन्सन हामीले खाइरहेका छौँ । सुन्तलाखेतीलेबासखर्कवासीकोआर्थिक र सामाजिक हैसियत फेरिएको छ ।" बाँसखर्कको एक हजार ५०० रोपनी जग्गामा सुन्तलाखेती भएको छ । यस वर्ष रु २० करोड मूल्यबराबरको सुन्तला उत्पादन हुने अनुमान गरिएको छ । बाँसखर्कमा ५१ हजार १५१ सुन्तलाका बोट छन् । विसं १९९७/९८ तिर बजारमारे र विरमारेमा सोखका लागि करेसाबारीमा एकदुई बोट सुन्तला लगाएका थिए । व्यावसायिक चेतनाको विकास र कृषि विकास बैंकले ऋण दिन थालेपछि बाँसखर्कमा २०३० को दशकमा सुन्तलाखेती विस्तार हुन थालेको अगुवा किसान बताउँछन् ।

लुम्लेको कृषि अनुसन्धान केन्द्रमा काम गर्ने बाँसखर्कका सेवानिवृत्त गोर्खा सैनिकहरुको पहलमा सुन्तलाका बिरुवाको बजारीकरण हुने भएकाले केही किसानले नर्सरी पनि सञ्चालन गरेका थिए । वार्षिक रु २३ लाखको सुन्तला बेच्ने शान्तबहादुर छिन्तेल आफूहरुको आर्थिक हैसियतमा धेरै परिवर्तन आएको बताउनुभयो । "धान, कोदो र मकैखेती गरेर छ महिना पनि खान पुग्दैनथ्यो, छोराछोरी पढाउन र घरव्यवहार चलाउन विदेश जानुपर्ने बाध्यता थियो", उहाँले भन्नुभयो, "अहिले आफू आत्मनिर्भर र स्वरोजगार भएर पनि अरुलाई समेत बगैँचामा काम दिन सक्ने भएका छौँ ।" बाँसखर्कको एक हजार ५०० रोपनी क्षेत्रफलमा ५१ हजार १५१ सुन्तलाका बोट छन् । सर्वेक्षणको नेतृत्व गर्नुभएका बाँसखर्कको ज्योतिमण्डल माविका प्रअ मेखबहादुर खत्रीले यस वर्ष २६ हजार ७०६ बोटमा करिब रु २० करोडको सुन्तला उत्पादन भएको छ । गत वर्ष रु १८ करोड, २०८० मा रु ११ करोड र त्यसअघिको वर्ष रु १० करोडबराबरको सुन्तला बिक्री भएको थियो । क्षेत्रफल विस्तार, फल लाग्ने नयाँ बिरुवा थपिएको, बगैँचा व्यवस्थापन, अनुकूल मौसम, दाना झर्ने समस्या कम भएको र दाना धेरै लागेकाले उत्पादन बढेको हो । "थप २४ हजार ४४५ सुन्तलाको बोट बगैँचामा हुर्किरहेका छन्", खत्रीले भन्नुभयो, "सुन्तलाखेतीबाट एउटा परिवारले वार्षिक रु चार लाखदेखि ४० लाखसम्म आम्दानी गर्छन् ।" सबै बोटले फल दिँदा केही वर्षमा उत्पादन दोब्बर बढेर झन्डै रु ४० करोड हाराहारी पुग्ने अनुमान गरिएको छ । बाँसखर्कका किसानले धान, कोदो, मकै, गहुँखेतीको विकल्पमा सुन्तलाखेती गरेका छन् । पहिले बाँसको जङ्गल भएको र हिउँदमा गाईभैँसी, भेडाबाखाको गोठ राख्ने भएकाले बाँसखर्क रहन गएको किंवदन्ती छ । पुरानो बाँसखर्कको पाखो अहिले सुन्तलाखर्कमा परिणत भएको छ । सुन्तला बगैँचा अवलोकन गर्न पर्यटक आउँछन् । म्याग्दी र पर्वतलाई समेटिएको अन्नपूर्ण-धवलागिरि सामुदायिक पर्यावरणीय पदमार्गको प्रवेशविन्दु बाँसखर्क हो । माथिल्लो बाँसखर्कमा घरबास सञ्चालन भएको छ ।

# कालीगण्डकी नदीका पुल निर्माणमा ढिलाइ

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १६ माघ

गण्डकी र लुम्बिनी प्रदेश जोड्ने गरी कालिगण्डकी नदीका विभिन्न स्थानमा निर्माणाधिन झण्डै आधा दर्जन सडक पुल तोकिएको समय सिमाभित्र बन्न नसक्दा अलपत्र अवस्थामा पुगेका छन् । पर्यटकीय क्षेत्रमा अथाहा सम्भावना भएका दुई प्रदेशसँग यातायातको प्रत्यक्ष सञ्जालमा जोड्न निर्माण थालिएका पुल १४ वर्षसम्म निर्माणमा ढिलाइ हुँदा अलपत्र अवस्थामा पुगेका हुन् ।

स्याङ्जा र पाल्पा जोड्ने गरी निर्माणाधिन ५ वटा पुल र गुल्मी जोड्ने गरी निर्माण भएका दुई पुल समय सिमाभित्र निर्माण हुन नसक्दा म्याद थपेर निर्माण गरिएको छ । सडक विभाग पोखराको पुल सेक्टरले निर्माण गरेको पाँच र पाल्पास्थित सडक विभागले निर्माण गरेको दुई पुलको म्याद थप गरेर निर्माण कार्य जारी राखिएको छ ।

गण्डकी प्रदेशको स्याङ्जास्थित चापाकोट नगरपालिका-८ दामाचौर र लुम्बिनी प्रदेशको पाल्पा जिल्लाको रामपुर नगरपालिका-६ प्याकलुक जोड्ने गरी बनेको ट्रस पुल १४ वर्षमा ८० प्रतिशत मात्रै काम सकिएको छ । २०६८ सालको असारमा एमएस इलाइट एसबिए जेभी काठमाडौले तीन वर्षमा निर्माणको काम सक्नेगरी सो पुलको सम्झौता गरेको थियो । उक्त पुल १५ करोड ६८ लाख १३ हजार २६६ रुपैयाँको लागतमा निर्माण थालिएको हो ।

१८१ दशमलब ६९ मिटर लम्बाई रहेको पुल डिजाइन फेल हुँदा निर्माणमा ढिलाई भएको निर्माण कम्पनीले दाबी गरेको छ । वेल फाउण्डेस डिजाईनमा निर्माण गर्नेगरी सडक डिभिजन कार्यालय पाल्पाबाट जिम्मा पाएको निर्माण कम्पनीले दुई किनारामा पिलर राखेर नदीको मध्यभागमा पिलर बनाउने क्रममा डिजाइन अनुसार काम अगाडी बढ्न नसक्दा पुल बन्ने प्रक्रिया रोकिएको हो । सो पुलको १४ वर्षसम्म पाँच पटकसम्म म्याद थप गरेर निर्माण कार्य जारी राखिएको छ । २०७४ मङसिरमा एमएस सपना/महादेव, खिम्ती/हिरा जेभीले तीन वर्षमा काम सक्ने गरी सम्झौता भएको बाँसटारी पुल भने आठ वर्षमा ४० प्रतिशत काम सकिएको छ । दुई सय मिटर लम्बाईको पुल २४ करोड ६० लाख १८ हजार तीन सय रुपैयाँमा सम्झौत गरिएको हो । निर्माण कम्पनीले सभ्झौता अनुसार काम गर्न नसक्दा हालसम्म पाँच पटक म्याद थपिएको छ । सिद्धार्थ राजमार्गको कालीगण्डकी नदीस्थित राम्दीमा निर्माण गरिएको नमुना पुलको ८० प्रतिशत काम सकिएको छ । थाइल्याण्डका प्राविधिकको सहयोगमा डिजाइन गरिएको पुल सीएफएसटी स्टिल टयुब आर्कब्रिज हो । नेपालकै पहिलो र एक स्पान रहने राम्दीको मोटरेबल पुल १२० मिटर लम्बाइको हुने छ । २७ करोड ७१ लाख ९ हजार ६ सय रुपैयाँको लागतमा पुल निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको पुल सेक्टर पोखराले जनाएको छ ।

त्यसैगरी कालीगण्डकी नदीको बेल्टारीस्थित पुल सम्झौताको दुई वर्षसम्म ५० प्रतिशत काम सकिएको छ । गौरीपार्वती-न्यु टेक्निकल जेभीले तीन बर्षमा सक्ने गरेर २०७७ सालमा सम्झौता भएको पुल १५ करोड ३९ लाख २८ हजार ६८० रुपैयाँको लागतमा निर्माण हुने छ ।

कालीगण्डकी नदीमा बन्दै गरेका आधा दर्जन बढी मोटरेबल पुलमध्ये चापाकोट नगरपालिका-१० आँधीघाट र रामपुर नगरपालिका-१० बर्दले जोडने गरी २०७९ कात्तिकमा सम्झौता भएको पुल अन्तिम चरणमा पुगेको छ । सपना निर्माण सेवा कम्पनीले तीन वर्षमा निर्माण सक्ने गरी सम्झौता भएको पुल अन्तिम चरणमा पुगेको हो । ३० करोड ६४ लाख ३८ हजार ८ सय रुपैयाँको लागतमा बन्ने पुल केहि दिनभित्र सकिने पुल सेक्टर पोखराका इन्जिनियर बिदुर सुवेदीले जानकारी दिए । उता स्याङ्जा र गुल्मी जोड्ने गरी निर्माणाधिन सेतीवेणी पुलको अवस्था झन् कमजोर छ । म्याद सकिएको दुई वर्ष वितिसक्दा समेत ३० प्रतिशत मात्रै काम भएको छ । एक सय मिटर लामो पुल यामजिनी-राजेश्वरी जेभीले २०७८ असारमा दुई वर्षमा सक्ने गरी जिम्मा पाएको थियो । पछिल्लो समय तेस्रो पटक म्याद थपेर २०८३ भदौमा उक्त पुल निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । कालिगण्कडी गाउँपालिकाको चिउरीबोट-अर्बेनी पुलको अवस्था पनि अन्य पुलको जस्तै छ । म्याद गुज्रेको डेढ वर्ष वितिसक्दा पनि ३० प्रतिशत मात्रै काम सकिएको छ । इलाइट-यामजिनी-राजेश्वरी जेभीले १८ करोड ६८ लाख ७० हजार ७९० रुपैयाँको लागतमा तीन वर्षे सक्ने गरी सम्झौता भएको १८० मिटर लामो पुलको दोस्रो पटक म्याद थपेर २०८३ असारमा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको सडक विभाग पाल्पाले जनाएको छ ।

वर्षौंसम्म पुल बन्न नसक्दा कालीगण्डकी नदी आसपास स्याङ्जा, पाल्पा र गुल्मीका बासिन्दाले जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका छन् । निर्माण कम्पनी र सरोकारवाला निकायको ढिलासुस्तीले रणनीतिक महत्वका पुल कहिले पूरा हुन्छन् भन्नेमा स्थानीय अन्यौलमै छन् । समयमै पुल निर्माण भए सेवा क्षेत्रका बासिन्दाको जीवनस्तरमा परिवर्तन आउन सक्नेमा स्थानीय आशावादी छन् ।

# व्यास नगर अल्ट्रा म्याराथनमा सेनाको बर्चस्व

**पोखरापत्र संवाददाता**
दमौली, १६ माघ

व्यास नगरपालिकाले सहिद दिवसको अवसरमा शुक्रबार आयोजना गरेको अल्ट्रा म्याराथनमा नेपाली सेनाले बर्चस्व कायम गरेको छ ।

व्यास नगरपालिका-५ मानुङकोटदेखि वडा-८ पुलिमराङसम्मको ४४ किलोमिटर दूरीको म्याराथनमा प्रथम, द्वितीय र तृतीय नेपाली सेनाका धावक भएका छन् । प्रतियोगितामा बझाङका करन रावल प्रथम हुनुभयो । रावलले उक्त दूरी दुई घण्टा ४८ मिनेट २७ सेकेन्डमा पूरा गर्नुभयो । त्यस्तै रामेछापका तिलकबहादुर सुनुवारले दुई घण्टा ५८ मिनेटमा निर्धारित दूरी पूरा गर्दै द्वितीय स्थान हासिल गर्नुभएको छ । रामेछापकै होमलाल श्रेष्ठले तीन घण्टा चार मिनेटमा दूरी पार गर्दै तृतीय स्थान हासिल गर्नुभयो ।

प्रतियोगितामा प्रथम हुनेलाई रु ८५ हजार ८२, द्वितीय हुनेलाई रु ६५ हजार ८२, तृतीय हुनेलाई रु ५५ हजार ८२ पुरस्कार प्रदान गरिएको छ । म्याराथन मानुङकोट सिद्धमार्ग हुँदै अलैचे-चापाघाट-अनसन चौतारी-सफासडक-भोर्लेटार चोक-बैरेनी-दुम्सी-कलेस्ती-पाथ्रा-सत्रसय-बानियाँडिही-बर्लाची-सोतीवेशी-बगुवा रिस्ती-बाहुन पोखरा हुँदै व्यास नगरपालिका-८ पुलिमराङमा पुगेर सकिएको थियो । म्याराथनको उद्घाटन गर्नुहुँदै गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले म्याराथनले दुई गाउँलाई चिनाउन सहयोग पुगेको बताउनुभयो । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले नगरपालिकाले मानुङकोटलाई उच्च प्राथमिकतामा राखेको बताउँदै खेलकुदका माध्यमबाट दुई गाउँ जोड्ने प्रयास गरिएको बताउनुभयो ।